नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

## सुनसरी भन्सार कार्यालय, सेतुबन्ध, सुनसरी

# भन्सार नियमावली, २०६४ को नियम ३५(१) अनुसार सवारी तथा ढुवानीका साधन र मोटरसाइकलहरु सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८२।०१।३१)

यस कार्यालयमा भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा दाखिला भएका विभिन्न सवारी तथा ढुवानीका साधन, मोटर साइकलहरु (दर्ता हुने/दर्ता नहुने कवाडी/Scrap) भन्सार नियमावली, २०६४ को नियम ३५(१) बमोजिम जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यस कार्यालयले सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्ने भएकोले इच्छुक ब्यक्ति, फर्म, वा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले २१ (एकाइस) दिनभित्र सूचनामा उल्लेखित शर्तहरुका अधिनमा रहने गरी गोप्य सिलबन्दी बोलपत्र आह्ववान गरिएको छ। यस सम्बन्धी बिस्तृत विवरण सुनसरी भन्सार कार्यालय लगायत सुनसरी जिल्ला स्थित जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय, कोशी गाउँपालिकाको कार्यालय र जिल्ला उद्योग वाणिज्य संघको सूचना पाटीका साथै भन्सार विभागको वेबसाइट www.customs.gov.np र यस कार्यालयको वेबसाइट www.customs.gov.np/sunsari मा गई यस कार्यालयको लिंकमा र ाखिएको सूचनाबाट समेत हेर्न सकिनेछ। नियमानुसार बोलपत्र फाराम दस्तुर प्रभु बैंक लिमिटेड, इनरुवा शाखामा राजस्व शीर्षक १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) यस कार्यालयको कोड नं. ३०५०३१४०१ मा बुझाई (फिर्ता नहुने गरी) सुनसरी भन्सार कार्यालयबाट खरिद गर्न सकिनेछ। आफुले कबोल गरेको रकमको १०% ले हुने धरौटी रकम प्रभु बैंक लिमिटेड, इनरुवा शाखामा रहेको यस कार्यालयको कोड नं. ३०५०३१४०१ र भन्सार कोष खाता नं. क-२.९-१०४०११४५८६६०००२१ मा रकम जम्मा गरी सोको दोस्रो प्रति सक्कल बैंक भौचर बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ। अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखाबाट बुझ्न सकिनेछ।